# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, भाद्र ३ गते, २०८३ साल (अतिरिक्ताङ्क ३५

## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

**संवत् २०८३ सालको (गठन) आदेश (नेराप) नम्बर ११**

**सफ्टवेयर विकास तथा सञ्चालन समिति (गठन) आदेश, २०८३**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "सफ्टवेयर विकास तथा सञ्चालन समिति (गठन) आदेश, २०८३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा १३ बमोजिमको समितिको कार्यकारी निर्देशक सम्झनुपर्छ।

(ग) "कार्यालय" भन्नाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ।

(घ) "केन्द्र" भन्नाले दफा ६ बमोजिमको सफ्टवेयर विकास तथा सञ्चालन केन्द्र सम्झनुपर्छ।

(ङ) "डाटा एक्सचेन्ज प्लेटफर्म" भन्नाले विभिन्न सार्वजनिक निकायहरू बिच सुरक्षित र व्यवस्थित तवरले सूचना आदान प्रदान गर्नेगरी केन्द्रले सञ्चालन गरेको डिजिटल माध्यम सम्झनुपर्छ।

(च) "डाटा सेन्टर" भन्नाले सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालयमा सूचीकृत सरकारी तथा प्राइभेट डाटा सेन्टर सम्झनुपर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्ष र समितिको सदस्य-सचिवलाई समेत जनाउँछ।

(झ) "सफ्टवेयर रिक्वायरमेन्ट स्पेसिफिकेसन (एस.आर.एस.)" भन्नाले कुनै पनि सफ्टवेयर प्रणालीको आवश्यकता, प्रणालीले गर्नुपर्ने काम र त्यसको कार्यविधि स्पष्ट, विस्तृत र व्यवस्थित रूपमा उल्लेख गरी सफ्टवेयर मागकर्ता निकाय र केन्द्र बिच औपचारिक रूपमा हस्ताक्षर भएको दस्तावेज सम्झनुपर्छ।

(ञ) "समिति" भन्नाले दफा ३ बमोजिमको सफ्टवेयर विकास तथा सञ्चालन विकास समिति सम्झनुपर्छ।

(ज) "सार्वजनिक निकाय" भन्नाले नेपाल सरकार वा अन्तर्गतका निकाय तथा सरकारको पूर्ण वा आशिंक स्वामित्व भएका सार्वजनिक संस्थान, बोर्ड, समिति, केन्द्र वा परिषद् सम्झनुपर्छ।

३. **<u>समितिको गठन</u>** : (१) सार्वजनिक निकायमा प्रयोग हुने सफ्टवेयरको विकास, स्तरोन्नति तथा आवश्यक मर्मत सम्भार समेतका कार्य गरी सार्वजनिक निकायबाट हुने सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउन केन्द्रलाई नीतिगत मार्गदर्शन गर्न र केन्द्रको कार्यलाई सुपरीवेक्षण गर्न सफ्टवेयर विकास तथा सञ्चालन विकास समिति नामको समिति गठन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहायबमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव (शासकीय मामिला हेर्ने), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -अध्यक्ष |
| (ख) | प्रमुख, सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | -सदस्य |
| (ग) | सहसचिव, सूचना प्रविधि महाशाखा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (घ) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ङ) | सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय | -सदस्य |
| (च) | कार्यकारी निर्देशक | -सदस्य-सचिव |

४. **समितिको काम, कर्तव्य र अधिकार** : यस आदेशमा अन्यत्र उल्लेख भएको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) समितिको नीति निर्धारण गर्ने,

(ख) समितिका नियमावली, विनियमावली, निर्देशिका तथा कार्यविधि स्वीकृत गर्ने,

(ग) केन्द्रलाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

(घ) केन्द्रको काम कारबाहीको सुपरीवेक्षण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) केन्द्रको कार्य योजना, बजेट, कार्यक्रम तथा परियोजना स्वीकृत गर्ने, र

(च) सफ्टवेयर विकास तथा मर्मत सम्भार गर्दा प्रयोग हुने पद्धति तथा नर्म्स स्वीकृत गर्ने।

**५. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u>** : (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा समितिको वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ। त्यसरी सर्वसम्मत हुन नसकेमा बहुमतबाट निर्णय हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) समितिको निर्णय अध्यक्ष र समितिको सदस्य–सचिवले प्रमाणित गर्नेछन्।

(७) समितिले आवश्यक देखेमा निजी क्षेत्रका प्रतिनिधि, अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाका प्रतिनिधि, अनुसन्धान संस्थाका प्रतिनिधि लगायत सम्बन्धित विषयको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ।

६. **केन्द्र** : (१) समिति अन्तर्गत सफ्टवेयर विकास तथा सञ्चालन केन्द्र स्थापना गरिएको छ।

(२) केन्द्रको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(३) केन्द्रको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सार्वजनिक निकायबाट माग भएबमोजिम सफ्टवेयर विकास, स्तरोन्नति र मर्मत सम्भार सम्बन्धी कार्य गर्ने,

(ख) सार्वजनिक निकायबाट माग भएबमोजिम साझा सूचना प्रविधि प्रणालीहरू (सफ्टवेर-एज-अ-सर्भिस वा प्लेटफर्म-एज-अ-सर्भिस वा यस्तै अन्य मोडेल) को विकास गर्ने,

(ग) केन्द्र आफैंले निर्माण गरेका सफ्टवेयर प्रणाली वा सार्वजनिक निकायबाट माग भई आएका विभिन्न लिगेसी सफ्टवेयर प्रणालीको स्तरोन्नति र मर्मत सम्भार सम्बन्धी कार्य गर्ने,

(घ) केन्द्रबाट विकास गरिएका विभिन्न सफ्टवेयर प्रणालीहरूका लागि चौबिसै घण्टा प्राविधिक सहायता उपलब्ध गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सार्वजनिक निकायबाट माग भएबमोजिम सूचना प्रविधि प्रणालीको सफ्टवेयर रिक्वायरमेन्ट स्पेसिफिकेसन (एस.आर.एस.) तथा डिजिटल पूर्वाधारको प्राविधिक स्पेसिफिकेसन तयार गर्न सेवा उपलब्ध गराउने,

(च) सफ्टवेयर विकासको क्रममा आवश्यक सुरक्षा मापदण्ड, अटो-स्केलिङ, हाइ-अभाइलेविलिटी तथा केन्द्रबाट स्वीकृत भएको डेभलपमेन्ट आर्किटेक्चर तथा मापदण्ड प्रयोग गर्ने वा अन्तर्राष्ट्रिय मापदण्ड तथा असल अभ्यासको अनुसरण गर्ने,

(छ) आफूले विकास गरेका प्रणालीहरूको सञ्चालन तथा मर्मत सम्भार सम्बन्धी तालिम सञ्चालन गर्ने,

(ज) सूचना प्रविधि क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त विज्ञहरूको रोष्टर तयार गरी विज्ञहरूलाई केन्द्रको अनुसन्धान र विकासको कार्यमा उपयोग गर्ने, र

(झ) केन्द्रको कार्यसँग सम्बन्धित नीतिगत विषयमा समितिसमक्ष पेस गरी समितिको निर्देशनबमोजिम गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) केन्द्रले उपदफा (३) बमोजिमका कार्यहरू परियोजनमार्फत गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको परियोजना सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

७. **<u>सफ्टवेयर विकास तथा मर्मत सम्भार सम्बन्धी कार्यविधि</u>** : (१) सार्वजनिक निकायमा सफ्टवेयर विकास गर्नुपर्ने भएमा अनुसूची-१ बमोजिमको फाराम भरी केन्द्रमा अनुरोध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुरोध प्राप्त भएमा केन्द्रले सम्बन्धित निकायसँग समन्वय गरी आवश्यकता, संवेदनशीलता र तयारीको प्रारम्भिक सम्भाव्यता अध्ययन गरी कार्यक्षेत्र, समयावधि, लागत अनुमान, कार्यात्मक तथा गुणात्मक (फङ्सनल तथा नन्फङ्सनल) विषय सहित सफ्टवेयर रिक्वायरमेन्ट स्पेसिफिकेसन (एस.आर.एस.) दस्तावेज तथा सफ्टवेयर विकासका लागि पन्ध्र दिनभित्र कार्ययोजना तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्ययोजनाबमोजिम त्यस्तो सफ्टवेयर विकास तथा मर्मत सम्भार गर्दा लाग्ने खर्च केन्द्रले निर्धारण गरी त्यस्तो खर्च सम्बन्धित सार्वजनिक निकायले व्यहोर्ने गरी सार्वजनिक निकाय र केन्द्र बिच सो सम्बन्धी खरिद सम्झौता गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम भएको सम्झौता संशोधन गर्नु परेमा सम्बन्धित सार्वजनिक निकायले अनुसूची-१ बमोजिमको फाराम भरी केन्द्रसमक्ष अनुरोध गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (४) बमोजिम अनुरोध प्राप्त भएमा केन्द्र र त्यस्तो सार्वजनिक निकायको आपसी सहमतिमा त्यस्तो सम्झौता संशोधन गर्न सकिनेछ।

(६) केन्द्रले आवश्यकताअनुसार नेपाल सरकारका विभिन्न लिगेसी सफ्टवेयर प्रणालीको स्तरोन्नति र मर्मत सम्भार सम्बन्धी कार्य आफैंले वा निजी क्षेत्रको सहकार्यमा गर्न सक्नेछ।

(७) नेपाल सरकारले राष्ट्रिय महत्वको कुनै प्रणाली केन्द्रमार्फत विकास गर्ने निर्णय गरेमा केन्द्रले त्यस्तो प्रणाली विकास गर्नु पर्नेछ र त्यस्तो प्रणाली विकास गर्दा आवश्यक पर्ने बजेटको व्यवस्था अर्थ मन्त्रालयले गर्नेछ।

(८) सार्वजनिक निकायले प्रयोगमा रहेका प्रणालीको मर्मत, सम्भार तथा नयाँ प्रणाली विकास गर्दा केन्द्रको सहमति लिनु पर्नेछ।

८. **साझा तथा निकायगत प्रणालीहरू विकास गर्नसक्ने** : (१) केन्द्रले आवश्यकताअनुसार साझा तथा निकायगत प्रणालीहरू विकास गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विकास गरेको साझा तथा निकायगत प्रणालीहरूको विवरण सार्वजनिक निकायलाई उपलब्ध गराउनु पर्नेछ।

९. **सफ्टवेयर विकास कार्यको भुक्तानी** : (१) केन्द्र र सम्बन्धित सार्वजनिक निकाय बिच भएको सम्झौताका सर्तहरू बमोजिम सम्बन्धित निकायले केन्द्रलाई भुक्तानी गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) केन्द्रले विकास गरेको सफ्टवेयर प्रणालीको वार्षिक मर्मत सम्भार सम्झौता गर्दा कूल वार्षिक मर्मत सम्भार रकमलाई त्रैमासिक रूपमा भुक्तानी गर्नेगरी गर्नु पर्नेछ।

(३) वार्षिक मर्मत सम्भार सम्झौताको अवधि तीन वर्षको हुनेछ।

(४) केन्द्र र सार्वजनिक निकायको आपसी सहमतिमा थप एक वर्ष सम्झौताको नवीकरण गर्न सकिनेछ।

(५) सार्वजनिक निकायले वार्षिक मर्मत सम्भार सम्झौता बाहेक प्रणालीमा अपडेट वा परिमार्जन गर्दा दफा ७ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

१०. **<u>डाटाको स्वामित्व, सुरक्षण तथा अन्तरआवद्धता</u>** : (१) सार्वजनिक निकायको कार्यक्षेत्र भित्रको डाटाको स्वामित्व सोही सार्वजनिक निकायमा निहित रहनेछ।

(२) केन्द्रले सफ्टवेयर विकास, मर्मत सम्भार र स्तरोन्नतिको क्रममा डाटा कस्टोडियनका रूपमा डाटाको सुरक्षित होस्टिङ, प्रशोधन, ब्याकअप, पहुँच नियन्त्रण तथा प्राविधिक संरक्षणको उचित व्यवस्थापन गर्नु पर्नेछ।

(३) डाटाको प्रयोग, साझेदारी वा प्रकाशन सम्बन्धी अन्तिम निर्णय सम्बन्धित डाटाको स्वामित्व भएको निकायमा निहित रहनेछ।

(४) केन्द्रले विकास गरेका प्रणालीलाई औचित्य हेरी राष्ट्रिय डाटा एक्सचेन्ज, नागरिक पोर्टल तथा नागरिक एपमा अन्तरआबद्ध गर्नु पर्नेछ।

११. **<u>सफ्टवेयर विकासको लागि आवश्यक पूर्वाधार</u>** : (१) नेपाल सरकारले केन्द्रबाट हुने सफ्टवेयर तथा सूचना प्रविधि प्रणालीको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकास तथा सञ्चालन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गर्नेछ।

(२) सफ्टवेयर तथा सूचना प्रविधि प्रणालीको विकास तथा सञ्चालन गर्न केन्द्रले सरकारी डाटा सेन्टर तथा सम्बन्धित निकायमा उपलब्ध पूर्वाधार प्रयोग गर्न सक्नेछ।

तर सरकारी डाटा सेन्टर तथा सम्बन्धित निकायमा पूर्वाधार उपलब्ध हुन नसकेमा खरिद सम्बन्धी प्रचलित कानूनबमोजिम अन्य डाटा सेन्टर तथा क्लाउड सेवा प्रदायकसँग सेवा खरिद गरी प्रयोग गर्न सक्नेछ।

**१२. <u>सफ्टवेयरको गुणस्तर तथा सुरक्षण परीक्षण गर्ने</u>** : (१) केन्द्रले विकास गरेका सफ्टवेयर तथा सूचना प्रविधि प्रणालीहरूको आवश्यक प्रणाली अडिट, सुरक्षा अडिट सहितका गुणस्तर तथा सुरक्षण परीक्षण गराउनु पर्नेछ।

(२) केन्द्रले आवधिक रूपमा प्रणालीको परीक्षण गरी सोको प्रतिवेदन सार्वजनिक निकायलाई उपलब्ध गराउनु पर्नेछ।

**१३. <u>कार्यकारी निर्देशक</u>** : (१) केन्द्रको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) सूचना प्रविधि सम्बन्धी विषयमा स्नातकोत्तर गरेको र सिएक्सओको रूपमा कम्तीमा पाँच वर्षको अनुभवसहित सूचना प्रविधि सम्बन्धी क्षेत्रमा दश वर्षको कार्य अनुभव हासिल गरी ख्याती प्राप्त गरेका व्यक्तिहरू मध्येबाट खुला प्रतिस्पर्धाको माध्यमबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले केन्द्रको कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ।

(३) कार्यकारी निर्देशकको पदावधि तीन वर्षको हुनेछ र निज एकपटकको लागि पुनः नियुक्त हुन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर कार्यकारी निर्देशकको काम सन्तोषजनक नभएमा नेपाल सरकारले जुनसुकै बखत निजलाई पदबाट हटाउन सक्नेछ।

(४) कार्यकारी निर्देशकलाई उपदफा (३) बमोजिम पदबाट हटाउनु अघि सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) कार्यकारी निर्देशकको पदपूर्ति नभएसम्म नेपाल सरकारले कार्यकारी निर्देशक हुन योग्यता पुगेको राजपत्राङ्कित प्रथम श्रेणीको निजामती कर्मचारीलाई कार्यकारी निर्देशकको रूपमा काम गर्न खटाउन सक्नेछ।

(६) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त तथा सुविधा सम्बन्धी व्यवस्था नेपाल सरकारले नियुक्ति गर्दाका बखत तोकेबमोजिम हुनेछ।

**१४.** **<u>कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकार</u>** : यस आदेशमा अन्यत्र उल्लेख भएको अतिरिक्त कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) केन्द्रको प्रशासकीय प्रमुख भई कार्य गर्ने,

(ख) केन्द्रको योजना, वार्षिक बजेट, कार्यक्रम तथा परियोजना तयार गरी समितिसमक्ष पेस गर्ने,

(ग) केन्द्रको आर्थिक काम कारबाही सञ्चालन, नियन्त्रण तथा अनुगमन गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) केन्द्रको काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्ने, गराउने,

(ङ) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(च) केन्द्रका काम कारबाहीको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने, र

(छ) तोकिएबमोजिमका अन्य कार्य गर्ने।

**१५. <u>जनशक्ति व्यवस्थापन</u> :** (१) केन्द्रको कार्य सम्पादनको लागि केन्द्रमा अनुसूची-२ बमोजिमका नेपाल सरकारका कर्मचारी रहनेछन्।

(२) केन्द्रको सङ्गठन संरचना नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको कर्मचारीको दरबन्दीमा केन्द्रलाई आवश्यक पर्ने कर्मचारी कार्यालयले सार्वजनिक निकायमा कार्यरत कर्मचारीबाट खटाउन सक्नेछ।

(४) केन्द्रमा काम गर्ने कर्मचारीलाई नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई समितिले थप प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ।

(५) केन्द्रले परियोजना सञ्चालन गर्दा अनुसूची-३ बमोजिमको सङ्ख्यामा नबढ्ने गरी आवश्यक सङ्ख्यामा विज्ञहरू राख्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपदफा (५) बमोजिम राखिने विज्ञको सङ्ख्या, पारिश्रमिक र सुविधा नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्धारण गरेबमोजिम हुनेछ।

(७) उपदफा (६) को प्रयोजनको लागि केन्द्रले परियोजना सञ्चालन गर्दा त्यस्तो परियोजना, कार्यबोझ, कार्य प्रकृति, कार्यविवरण, विज्ञ राख्नुपर्ने आवश्यकता र औचित्य समेतको विश्लेषण गरी पारिश्रमिक र सुविधासमेत प्रस्ताव गरी आवश्यक पर्ने विज्ञ आपूर्तिको लागि समितिमा प्रस्ताव पेस गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम प्राप्त प्रस्तावउपर समितिले आवश्यक निर्णय गरी कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम लेखी आएमा कार्यालयले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेस गर्नु पर्नेछ।

**१६.** **<u>विज्ञको छनोट</u> :** (१) दफा १५ को उपदफा (५) बमोजिका विज्ञको छनोट गर्न देहाय बमोजिमको छनौट उपसमिति रहनेछ :-

(क) समितिले तोकेको समितिको सदस्य -संयोजक

(ख) कार्यालयले तोकेका दुई जना विषयगत विज्ञ -सदस्य

(२) कार्यकारी निर्देशकले छनोट उपसमितिको सचिव भई काम गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) छनोट उपसमितिका सदस्यले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा समितिले तोके बमोजिमको भत्ता तथा सुविधा पाउनेछन्।

(४) छनोट सम्बन्धी विधि छनोट उपसमिति आफैंले निर्धारण गर्न सक्नेछ।

(५) छनोट उपसमितिले यस दफाबमोजिम विज्ञ छनोट गरी समितिसमक्ष सिफारिस गर्नेछ।

१७. **विज्ञसँग करार गरी काममा लगाउने** : दफा १६ बमोजिम सिफारिस भएका विज्ञसँग केन्द्रले तोकिएबमोजिम करार गरी काममा लगाउनेछ।

१८. **केन्द्रको कार्यस्थलको बनोट र कार्य सञ्चालन** : (१) सफ्टवेयर विकासको अन्तर्राष्ट्रिय असल अभ्यास समेतलाई विचार गरी केन्द्रको कार्यस्थलको बनोट लगायत कार्य सञ्चालन सम्बन्धी व्यवस्था समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(२) समितिले अन्तर्राष्ट्रिय असल अभ्यास समेतलाई विचार गरी लचिलो कार्य समय (फ्लेग्जी टाइम) सहितको निवासबाट नै कार्य (वर्क फ्रम होम) गर्नसक्ने गरी कार्य सञ्चालन विधि निर्धारण गर्न सक्नेछ।

१९. **आचारसंहिता बनाई लागु गर्ने** : (१) केन्द्रमा कार्यरत कर्मचारी र विज्ञले पालना गर्नुपर्ने आचरसंहिता केन्द्रको सिफारिसमा समितिले स्वीकृत गरी लागु गर्नेछ।

(२) आचारसंहिताको पालना नगर्ने केन्द्रको कर्मचारीलाई विभागीय कारबाही हुनेछ।

(३) आचारसंहिताको पालना नगर्ने केन्द्रको विज्ञलाई केन्द्रको कामबाट हटाउन सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. **समितिको कोष** : (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ग) सेवा शुल्क बापत प्राप्त रकम,

(घ) स्वदेशी सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त रकम, र

(ङ) विदेशी सरकार, सङ्घ संस्था, व्यक्ति वा अन्तराष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने सहयोग वा अनुदान रकम।

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नुअघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) कोषमा प्राप्त हुने रकम "क" वर्गको इजाजतपत्र प्राप्त कुनै बैङ्कमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ।

(५) केन्द्रको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) समितिलाई जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) कोषको खाता कार्यकारी निर्देशक र आर्थिक प्रशासन शाखाको प्रमुखको हस्ताक्षरबाट सञ्चालन हुनेछ।

(८) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**२१. लेखा र लेखापरीक्षण** : (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचाबमोजिम राख्नु पर्नेछ।

(२) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) कार्यालयले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

**२२. अधिकार प्रत्यायोजन** : समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकताअनुसार केही अधिकार अध्यक्ष, सदस्य, केन्द्र वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

**२३. बैठक भत्ता वा अन्य सुविधा** : समितिका सदस्यले समितिको बैठकमा भाग लिएबापत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन्।

**२४. सहमति लिनुपर्ने** : यस आदेशको कार्यान्वयन गर्दा थप आर्थिक दायित्व सृजना हुने देखिएमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

**२५. प्रतिवेदन पेस गर्ने** : (१) केन्द्रले तोकिए बमोजिमको विवरण खुलाई प्रत्येक छ महिनामा आफूले सम्पादन गरेको कामको प्रतिवेदन तयार गरी समितिसमक्ष पेस गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) केन्द्रले आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी समितिमार्फत कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा केन्द्रबाट भए गरेका काम कारबाहीका अतिरिक्त केन्द्रको नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति, त्यसको उपलब्धि, लागत र केन्द्रबाट भएको वार्षिक खर्चको विवरणसमेत उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन कार्यालयले वा कार्यालयको निर्देशनमा समितिले सार्वजनिक गर्नु पर्नेछ।

२६. **<u>नेपाल सरकारसँग सम्पर्क</u>** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा कार्यालयमार्फत राख्नु पर्नेछ।

२७. **<u>निर्देशन दिनसक्ने</u>** : (१) कार्यालयले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ।

२८. **<u>नियम बनाउने अधिकार</u>** : यो आदेश कार्यान्वयन गर्न समितिले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ।

२९. **<u>विनियम र निर्देशिका बनाउन सक्ने</u>** : यो आदेश र यस आदेशबमोजिम बनेको नियमको अधीनमा रही कार्यालयको स्वीकृति लिई समितिले आवश्यक विनियम र निर्देशिका बनाई लागु गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१

(दफा ७ को उपदफा (१) र (४) सँग सम्बन्धित)

**सफ्टवेयर विकास तथा स्तरोन्नतिको लागि माग फारामको ढाँचा**

१. सार्वजनिक निकायका विवरण

| | |
|---|---|
| कार्यालयको नाम | |
| तह (कृपया चिन्ह लगाउनुहोस्) | ☐ सङ्घीय ☐ प्रदेश ☐ स्थानीय तह |
| सम्पर्क व्यक्तिको नाम र पद | |
| सम्पर्क नं. र इमेल | |
| फाराम भरेको मिति | |

२. हाल प्रयोगमा रहेको (पुरानो) सफ्टवेयर सम्बन्धी विवरण

| | |
|---|---|
| हाल सफ्टवेयर प्रयोगमा छ वा छैन? | ☐ छ ☐ छैन (पुरानो सफ्टवेयर स्तरोन्नति वा परिमार्जन भए मात्र तल भर्नुहोस्) |
| सफ्टवेयरको नाम | |
| संस्करण | |
| करेन्ट स्ट्याक | |
| डाटाबेस | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| विकास गर्ने कम्पनी वा निकाय | |
| प्रयोगमा रहेको अवधि | |
| प्रयोगकर्ता सङ्ख्या | |
| हाल भोगिरहेको समस्या वा कमजोरी | |
| डाटा माइग्रेसन आवश्यक छ वा छैन? | ☐ आवश्यक छ ☐ आवश्यक छैन |

३. नयाँ सफ्टवेयर निर्माण तथा स्तरोन्नति सम्बन्धी माग विवरण

| | |
|---|---|
| माग गरेको किसिम | ☐ नयाँ सफ्टवेयर निर्माण<br>☐ पुरानो सफ्टवेयर स्तरोन्नति<br>☐ परिमार्जन |
| सफ्टवेयरको प्रस्तावित नाम | |
| आवश्यकता पर्नुको कारण र औचित्य | |
| गर्नुपर्ने मुख्य कार्यहरूको विवरण (प्राविधिक आवश्यकता) | १.<br>२.<br>३. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| लक्षित प्रयोगकर्ता | |
| अपेक्षित प्रयोगकर्ता सङ्ख्या | |
| अन्य प्रणालीसँग एकीकरण आवश्यक छ वा छैन ? भए सोको विवरण | |
| प्रयोग गर्ने प्लेटफर्म | |
| अनुमानित बजेट (भए) | |
| अपेक्षित समयावधि वा म्याद | |
| प्राणालीगत अन्य आवश्यक विवरण | |
| अन्य कैफियत | |

४. सिफारिस तथा स्वीकृति

फाराम भर्नेको,-
नाम :
पद :
दस्तखत :
मिति :

कार्यालय प्रमुखको,-
नाम :
पद :
दस्तखत :
मिति :

कार्यालयको छाप



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-२

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

## केन्द्रमा रहने कर्मचारी

| क्र. सं. | पद नाम | श्रेणी/ तह | सेवा | समूह | उपसमूह | दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सहसचिव | रा.प.प्रथम | विविध | - | - | १ | |
| २. | सूचना प्रविधि निर्देशक | रा.प.द्वितीय | विविध | | - | १ | |
| ३. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | - | १ | |
| ४. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | - | १ | |
| ५. | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | | १ | |
| ६. | कम्प्यूटर इन्जिनियर | रा.प.तृतीय | विविध | - | - | ८ | |
| ७. | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | - | १ | |
| ८. | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | - | १ | |
| ९. | कम्प्यूटर टेक्निसियन | रा.प.अनं. प्रथम | विविध | | - | ५ | |
| १०. | हलुका सवारी चालक | श्रेणी विहीन | करार | - | - | ५ | |
| ११. | कार्यालय सहयोगी | श्रेणी विहीन | करार | | - | ५ | |
| जम्मा | | | | | | ३० | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-३

(दफा १५ को उपदफा (५) सँग सम्बन्धित)

## केन्द्रले राख्नसक्ने विज्ञहरू

| क्र.सं. | विज्ञको पदनाम | सेक्टर | सङ्ख्या |
|---|---|---|---|
| १. | प्रमुख प्रविधि विज्ञ | | १ |
| २. | सेक्टर प्रमुख | प्रोजेक्ट एण्ड बिजनेश एनालिसिस | १ |
| | | सफ्टवेयर इन्जिनियरिङ | १ |
| | | क्वालिटी एनालिसिस | १ |
| | | इन्फ्रास्ट्रक्चर एण्ड अपरेसन्स | १ |
| ३. | प्रोजेक्ट म्यानेजर | | ४ |
| ४. | सिनियर डेभलपर/ डेभ्.अप्स | | ८ |
| ५. | सिस्टम/ नेटवर्क/ डाटवेस एडमिन | | ६ |
| ६. | सिस्टम एनालिस्ट | | ६ |
| ७. | साइबर सुरक्षा | | २ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ८. | डेभलपर (मिड लेभल) | | ४० |
| ९. | यु.आई/ यु.एक्स | | २ |
| १०. | जुनियर डेभलपर | | ८ |
| ११. | क्वालीटी एनालिष्ट | | ४ |
| १२. | टेक सपोर्ट | | ८ |
| | जम्मा | | ९३ |

**आज्ञाले,**
**पुष्कर सापकोटा**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. १५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।